स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मिस वर्ल्डपछि विश्व प्रतिष्ठित अर्को सौन्दर्य प्रतियोगिता मिस इन्टरनेसनलको ६१ औं संस्करणको मिति घोषणा भएको छ । मिस नेपाल इन्टरनेसनल २०२३ प्रसिद्धि शाहको तस्वीर सेयर गर्दै मिस इन्टरनेसनलले आगामी कात्तिक ९ (अक्टोबर २६) लाई फिनाले मितिको रुपमा तय गरेको छ । प्रतियोगिता जापानको टोकियोस्थित योयोगी राष्ट्रिय व्यायामशालामा हुने जनाइएको छ । मिस इन्टरनेसनलले प्रसिद्धिलाई पहिलो मिस नेपाल रुबी राणाको छोरीको रुपमा चिनाएको छ ।

**आजको विचार...**



दीपक बराल

**संवेदनशील...**

*(दुई पेजमा)*

एक घटनाका कारण एक वर्ष जेल जीवन बिताएर फर्किएका अभिनेता पल शाहले यतिबेला लगाम लगाएको घोडा जस्तै म्यूजिक भिडियोलाई मात्र समय दिइरहेका छन् । गएको दुई महिनामा उनका आधा दर्जनभन्दा बढी म्यूजिक भिडियो सार्वजनिक भैसकेका छन् भने त्यही संख्यामा रिलिजको तयारीमा छन् । विदेशमा हुने सांगीतिक कार्यक्रमहरुमा पनि उनको व्यस्तता बढ्न थालेको छ । अब भने उनी फिल्मलाई समय दिने योजनामा छन् । उनी अभिनय सिक्ने तयारीमा समेत छन् ।



❐ वर्ष २८ ❐ अंक ३२४ ❐ २०८० असार ७ गते बिहीबार 22 June 2023, Thursday ❐ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मौलिक हकसम्बन्धी कानुन छिटो बनाउन सांसदको माग

**काठमाडौं,** संविधानमा मौलिक हकका रुपमा व्यवस्था गरिएका रोजगारी, खाद्य सुरक्षा र आवास लगायत हक कार्यान्वयनक लागि कानुन नबन्दा कार्यान्वयनमा समस्या आएकाले छिटो आवश्यक कानुन बनाउन सांसदहरुले माग गरेका छन् ।

विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको जारी छलफल अन्तर्गत युवा तथा खेलकुद, शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बजेटको छलफलमा भाग लिदैं सांसदहरुले संविधानमा मौलिक हकमै राखिएका विषयका कानुन संविधान जारी भएको आठ वर्षसम्म बन्न नसक्नु दु:खद् भएको बताए । सांसद अर्जुननरसिंह केसीले २०२८ सालको शिक्षा ऐन अझै संशोधन नहुनुले दुई थरीको जनशक्ति निर्माण भइरहेकोतर्फ सरकारको ध्यान जानुपर्ने बताए । बुढानीलकण्ठ स्कुल भ्रष्टाचारको अखडा भएको भनी अभिभावकले गुनासो गरेको उल्लेख गर्दै उनले शिक्षामन्त्रीको ध्यानाकर्षण गराए । बैठकमा सांसदहरु ध्रुवबहादुर प्रधान, प्रकाश अधिकारी, शेरबहादुर कुँवर, अब्दुल खान, अरुणकुमार चौधरी, योगेन्द्र मण्डल लगायतले युवा तथा खेलकुद, शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला र कृषि तथा पशुपक्षी विकासका विषयमा विचार रखेका थिए । विसं २०७७ सालमा जारी भएको खेलकुद ऐन, वृहत् रुपमा आउन नसकेको भन्दै उनीहरुले खेलकुद परिषद्लाई राजनीतिक अखडाका रुपमा राख्न नहुनेमा जोड दिए । *-रासस*

# मन, बचन, कर्म र शरीरलाई स्वस्थ्य राख्न दैनिक योग अभ्यास

## पाल्पामा पनि मनायो अन्तर्राष्ट्रिय योग दिवस

**कृष्ण पोखरेल**

**पाल्पा,** असार ६/हरेक पालिकामा १५ शैयाका अस्पताल, हरेक वडामा स्वास्थ्य चौकी, टोल-टोलमा सामुदायिक स्वास्थ्य केन्द्र निर्माण भइरहेका छन् । यति हुँदाहुँदै पनि हरेक स्वास्थ्य संस्थामा उपचारको लागि दिनहुँ मानिसको भिडभाड देखिन्छ । स्वास्थ्य स्थिति दिनहुँ भयावह बन्दै जाँदा मन, बचन, कर्म र शरीरलाई स्वस्थ्य राख्ने योग शिक्षा, योग अभ्यास प्रति भने सरकारको ध्यान पुग्न सकेको छैन ।




अहिले गाउँ शहर जताततै सर्ने भन्दा नसर्ने रोगहरुको अवस्था भयावह बन्दै गएको छ । ४० वर्ष नपुग्दै मानिसहरुमा सुगर, ब्लडप्रेसर, कोलेस्टोर, क्यान्सर, थाईराइड, मुटु रोग, ढाड कम्मर जस्ता रोगले जीवनलाई नै अल्पायु बनाउँदै लगेको छ । सरकारले रोग लागेपछि उपचार गर्ने ठूला-ठूला अस्पताल बनाएको छ, हजारौ डाक्टर नर्स उत्पादन गरेको छ तर मन, मस्तिष्क र शरीरलाई सधैं स्वस्थ राख्ने योग शिक्षालाई भने नीति, कार्यक्रम र बजेटमा प्राथमिकतामा दिन सकेको छैन । सरकारको प्राथमिकतामा नपरेपनि केही सामाजिक अभियान्ता तथा विभिन्न संघ संस्थाहरुले भने नेपालमा नियमित योग अभ्यास र जनचेतना फैलाउँदै आएका छन् । मन, बचन र कर्मलाई स्वस्थ राख्ने, शरीरलाई निरोगी बनाउने एक मात्र औषधी भनेको नियमित योग अभ्यास भएकोले सिक्ने र सिकाउने अभियानामा जुटेको पतञ्जली योग समिति पाल्पाका अध्यक्ष शुरेसप्रसाद श्रेष्ठले बताए । योग अभ्यासबाटै हजारौं व्यक्तिहरुले पुनर्जिवन पाएका छन्, लागेको रोगहरु पूर्णरुपमा औषधी सेवन बिनै निको भएका छन् । रोग लाग्ने अन्तिम चरणमा पुगेका व्यक्तिहरु निरोगी भएका छन् । नियमित योग अभ्यासकर्ताहरुको जीवन सर्बश्रेष्ठ बनेको छ । विभिन्न किसिमका रोगबाट ग्रसित भएको शरीर अहिले स्वस्थ्य भएको, आफु स्वस्थ्य भएपछि अरु व्यक्तिहरुलाई पनि स्वस्थ्य बनाउने अभियानमा लागेको योग शिक्षक बैजनाथ यादवले बताए । केन्द्र र प्रदेश सरकारको बजेट सार्वजनिक भएपनि स्थानीय सरकारहरु अहिले बजेट निर्माणमा व्यस्त छन् । योग शिक्षालाई हरेक शहर बस्तीको टोल टोलमा पुऱ्याउन पाल्पा जिल्ला योग समितिले नियमित क्रियाकलाप गर्दै आएको छ । योग अभियानलाई नगरका सबै टोल-टोलमा पुऱ्याउन तानसेन नगरपालिकाले नियमित रुपमा कार्यक्रम बजेट विनियोजन गर्दै आएको जनाएको छ । आगामी वर्षमा योग शिक्षा र अभ्यासलाई अझ विस्तारित गर्न नगरपालिकाबाट आवश्यक बजेट विनियोजन गरिने तानसेन नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत भरतप्रसाद आचार्यले बताए । नवौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा पाल्पामा विभिन्न संघ-संस्थाले योगको चर्चा गरी मनाएका छन् । औपचारिक कार्यक्रम भन्दा पनि व्यवहारिक रुपमा योग शिक्षा र अभ्यासको लागि नीतिगत रुपमै स्थानीय सरकारबाट सम्वोधन गरिनुपर्ने सर्वसाधारणको माग रहेको छ । पालिकाहरुले रोग लागेर उपचार गर्ने अस्पताल निर्माणसंगै, रोग नै लाग्न नदिने योग शिक्षा विस्तारको लागि प्रयाप्त बजेट निर्माण गरेमा स्वस्थ व्यक्ति, स्वस्थ्य समाज र स्वस्थ्य देश निर्माण हुनेछ ।

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा पाल्पामा विभिन्न कार्यक्रमहरु भएका छन् । सदरमुकाम तानसेन रामपुर, दमकडा, पालुङमैनादी लगायतका स्थानमा योग दिवस गरेर जनचेतना फैलाउने काममा जुटेको पतञ्जली योग समिति पाल्पाकी महिला अध्यक्ष उषा श्रेष्ठले बताइन् । पतञ्जली योग समिति पाल्पाले नियमित तथा नि:शुल्क रुपमा तानसेनको बालमन्दिर, गणेश मन्दिर, दमकडा, रामपुर, पालुङमैनादी क्षेत्रमा नियमित रुपमा योग अभ्यास गराउँदै आएको छ । ओम शान्ति, ब्रह्मकुमारी ईश्वरी विद्यालय, राधा माधव समिति लगायतका संघ संथाले पनि अन्तर्राष्ट्रिय योग दिवस मनाएका छन् ।




# गुल्मीमा कफी, सुन्तला, बाख्रा र मकैका लागि क्षेत्र विस्तार गरिदैं



**गुल्मी,** असार ६/गुल्मीका बाह्रै वटै पालिकामा कफी, सुन्तला, बाख्रा र मकैको क्षेत्र विस्तार गरिने भएको छ । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ गुल्मीको आयोजनामा सञ्चालित जोन तथा सुपर जोन कार्यक्रम अन्तर्गत ३२ वटा वडामा क्षेत्र विस्तार गर्न लागेको हो ।

अनुगमन समितिले जिल्लाको चन्द्रकोट गाउँपालिका अन्तर्गत वडा २, ३ र ४, कालीगण्डकीको १ र ४, सत्यवतीको ८, छत्रकोटको १ र २, रुरुक्षेत्रको ४, गुल्मीदरबार गाउँपालिकाको वडा १ र रेसुङ्गा नगरपालिकाको वडा १४ सहित ११ वटा वडामा सुन्तला जात फलफूलका लागि क्षेत्र विस्तार गरिने भएको हो । त्यसैगरी कफी सुपर जोनका लागि कालीगण्डकी गाउँपालिकाको वडा ३ र ४ र चन्द्रकोट गाउँपालिकाको वडा ६ गरी तीन वटा वडामा कफीको क्षेत्र विस्तार गर्न लागिएको हो ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नैतिकताको खडेरी

अहिले हाम्रो समाजमा नैतिकताको खडेरी परेको आभास हुन थालेको छ । 'नैतिक' भन्ना साथ ठूलो महत्वपूर्ण र ओजनले ओतप्रोत शब्दबाट निस्कने अर्थपूर्ण भाव तौर तरिकालाई बुझाउँछ । समय–समयमा हुने विभिन्न खालका काम र कार्यवाहीहरुका विषयमा जानकारहरु व्याख्या गर्दछन् कि, नैतिक शिक्षाको अभावले गर्दा मुलुकका राजनैतिक दल, सामाजिक संघ–संस्था लगायतका धेरैजसोमा नीति र विधिले कार्यसम्पादन नभएका कारण नैतिकताको अनिकाल परेको छ । देशको अब्बल खेलाडी, अब्बल राजनीतिज्ञ, महत्वपूर्ण पदमा भएको कर्मचारी, पेशागत निकायका महत्वपूर्ण व्यक्ति र जिम्मेवार निकायमा नैतिकताको खडेरीका कारण हरेक समयमा हरेक घटना र परिघटना हुने गरेका छन् । नेता अनैतिक हुन्छन् त्यसलाई तत्काल कार्यवाही गर्नुपर्छ भन्छ नीतिले तर त्यो कार्यान्वयन हुन सक्दैन ।

मुलुक बनाउने आशा गरेको जनताको अभिभावक सरकारले नीतिका कुरा गर्छ, तर सरकारका हरेक कार्यक्रमहरुमा नीति र विधि कसले कति धेरै मिच्ने भन्ने होडवाजी चलिरहेको हुन्छ । यस्ता तमाम समस्याहरुको पहिचान गरेर नैतिकताको वातावरणलाई मलजल गर्ने हो भने मुलुकमा आमनागरिक सबैका लागि राम्रो हुने वातावरण बन्दै जाने अवस्था रहन्छ । यसका लागि शिक्षा क्षेत्रमै बालनैतिक पाठका माध्यमबाट नैतिक शिक्षा दिनु अपरिहार्य छ । नैतिक शिक्षाको खडेरीका कारण पनि नैतिकतावान समुदायको कमी भयो कि भन्ने चिन्ता र चासो पनि त्यतिकै बढेको अवस्था हो । अब हामी र हाम्रो समाजलाई नैतिकवान बनाएर अगाडि बढ्नका लागि सबै वर्ग, क्षेत्र र समाजका नागरिकतहमा नैतिक शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्नुको विकल्प छैन । अनि मात्र नैतिकताको खडेरीको अन्त्य हुनेछ, हाम्रो समाज सभ्य र नैतिकवान बन्ने छ ।

## Opinion @ Social Network

मुखले भने जस्तो सजिलो नहुदो रैछ जिम्मेवारी पुरा गर्न
समयले जीन्दगीको आधा उमेर काटिसक्यो
न आफु खुशी हुन सकियो न त परिवारलाई खुशी दिन
*(सुशील कनौजे मगरको फेसबुक स्टाटस https://www.facebook.com/samir.thapa.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संवेदनशील चुरे, संवेदनाविहीन चुरे संरक्षण समिति



## दीपक बराल

करिव चार करोड वर्षअघि हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थ थुप्रिएर बनेको सवैभन्दा कान्छो पहाड नै चुरे श्रृंखला हो । यस श्रृंखला नेपालमा पूर्वी इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ वटा जिल्लाहरुमा फैलिएको छ । चुरेले कुल भूभागको १२.७८ प्रतिशत क्षेत्रफल ओगटेको छ । नेपालको अन्नभण्डार र सवैभन्दा बढी जनघनत्व रहेको तराइ मधेशको जीवन रेखाको रुपमा रहेको चुरे भौगोलिक दृष्टिकोणले अति संवेदनशील क्षेत्रमा पनि पर्छ । चुरेमा वसाइसराइको चापले वन क्षेत्र घट्दै गएको छ पछिल्लो समय चुरेमा चरिचरण र बढ्दो चोरी निकासीलले बढ्दै गएकाले पनि चुरे क्षेत्रका वनको हैसियत दिनप्रतिदिन बिग्रँदै गएको छ । चुरेको संरक्षणका लागि विगत देखिनै विभिन्न परियोजनाहरुले खण्ड खण्डमा विभिन्न कार्यक्रम हुँदै आएका थिए । विगतमा चुरेसंरक्षणबा खातिर विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले धेरै खालका परियोजना कार्यान्यन पनि नगरेका होइनन् । तर, ती परियोजनाहरुले आशातित प्रतिफल दिन सकेनन् । त्यसैक्रममा चुरे संरक्षणमा चासो दिएर पूर्वराष्ट्रपति डा. रामबरण यादवले भूपरिधि स्तरमै काम गर्न पर्छ भन्ने सोच अगाडि बढाएका थिए । उनले वातावरण संरक्षण ऐन अनुसार चुरे पहाडलाई संरक्षण क्षेत्र घोषणा गरी चुरे संरक्षणमुखी व्यवस्थापन गर्ने अवधारणा अनुरुप यसको कार्यान्वयन गर्न अलग्गै निकायको रुपमा २०७१ सालमा राष्ट्रिपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरिएको थियो ।

चुरेमा समितिमा एक अध्यक्षसहित चारजना पूर्णकालीन सदस्यहरु रहने व्यवस्था गरिएको छ । जसको पदावधी पाँच वर्ष तोकिएको थियो । समितिको अध्यक्ष वा सदस्य बन्नको लागि वन तथा वातावरण वा आर्थिक विकासमा स्नाकोत्तर तह उर्त्तिण गरी कम्तीमा १० वर्ष नीति निर्माण र कार्यान्वयनको अनुभव हासिल गरेको हुनुपर्ने र समितको सदस्यसचिव नेपाल सरकारको सह–सचिव (प्राविधिक) लाई तोकिएको छ । चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गर्ने निर्णयको सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफोन) को विरोधका वावजुत पनि चुरेमा भएको अतिक्रमण, भू–क्षय, पहिरो, वन डढेलो, बालुवा गिट्टीको अव्यवस्थित संकलन तथा जथाभावी सडक निर्माण कार्यहरु साथै वन पैदावारको चोरीनिकासी भैरहेको चुरेको दोहन रोक्ने प्रयासलाई समिति गठनका शुरुका दिनहरुमा तराई मधेश तथा संरक्षणकर्मीहरुबाट यस कार्यक्रमले राम्रो साथ पाएको थियो । नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना अन्तर्गत परेको यो कार्यक्रमले आशातित प्रतिफल दिन नसके पछि आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रममा चुरे तराई मधेश संरक्षण विकास समितिको पूर्नसंरचना गर्नुपर्ने औंल्याएको थियो । नेपाल सरकारले हरेक वर्ष करोडौ वजेट विनियोति गर्ने गरेको तर कार्यक्रमहरु भने चुरे संरक्षणलाई दुरगामी प्रभाव पार्ने सहयोग गर्नेको साटो बजेट सकाउनमा नै केन्द्रित भएपछि समस्या भने झनझन जटिल बन्दै गएको छ । भर्खरै पनि तराई मधेशमा धेरै भागहरुमा इनारमा पानी सुक्दै गएको र यसले आगामी दिनहरु अझै कठिन हुने देखिन्छ । यसका बारेमा विभिन्न संचार माध्यमबाट आम सर्वसाधारणले जानकारी पाएको विदितै छ । न त सरकारी लगानीले प्रतिफल पाउने, न त नियन्त्रित व्यवस्थाबाट चुरे क्षेत्रमा रहेका सामुदायिक वनका उपभोक्ताले वनबाट फाईदा लिन सक्ने अवस्था छ । वन तथा वातावरण मन्त्रालयको वजेटको ठुलो हिस्सा चुरेमा बालुवामा पानी खन्याए सरह भएको देखिन्छ । चुरे तराइ मधेश संरक्षण विकास समितिका पहिलो अध्यक्षको रुपमा अवकास प्राप्त अर्थ सचिव रामेश्वर खनालले कार्यभार सम्हालि रहँदा चुरे विकास समितको छुट्टै क्रेज थियो । यसले आशाको संचार पलाएको थियो । आज तेश्रो समिति आफ्नो कार्यकालको मध्य अवस्थामा आइपुग्दा स्थिति ठ्याक्कै उल्टो भएको छ । समिति केवल जागिरे कर्मचारीको कर्मकाण्डीको थलो भएको छ । समितिका कतिपय सदस्यहरु न त चुरे क्षेत्रप्रति जानकार नै छन् न त संरक्षणमा अनुभवी नै छन् र कतिका त न्यूनतम योग्यता समेत पुगेका छैन । आकर्षक पारिश्रमिक पाइने, सवारी सुविधा र केही बजेटको अंशमा नियन्त्रण पनि गर्न सकिने हुँदा समिति राजनैतिक दलको कार्यकर्ता भर्तीकेन्द्र समेत बनेको छ ।

न नीतिगत रुपमा कुनै प्रस्थान विन्दुको खोजी भएको छ, न भएका कार्यक्रमलाई प्रतिफल उन्मुख बनाउन नै सकिएको छ, समिति केवल अध्यक्ष र बाँकी चार सदस्यहरुको कमाउ धन्दाको बाटोमात्र बनेको छ । चुरे तराइ मधेश विकास संरक्षण विकास समितिका अध्यक्षका रुपमा रहेका डा. किरण पौडेललाई र तत्कालीन एमाले सकारले अध्यक्षको जिम्वेवारी दिएको र त्यसपछिको देउवा सरकारले उनलाई हटाउने प्रयास गरेपनि अदालतको फैसलाबाट पुनर्वहाली भै उक्त पदमा रही रहन सफल भए । राजनैतिक नियुक्तीबाट आएको व्यक्ति अर्को सरकारले हटाइसकेपछि नैतिक रुपमा रहन मिल्ने नमिल्ने भन्ने विषयको निरुपण उनकै लागि नैतिकताको विषय हुन सक्छ । यदि उनको स्थानमा अर्को विचारधाराका कोही व्यक्ति भइदिएको भए यसलाई उनी र उनको सर्मथकहरुले कसरी हेर्थे होलान यो पनि सो चनियको विषय नै छ । त्यो भन्दापनि बढी उनी पदमा रहेर जनताको राजस्वबाट उठेको पैसाले राज्यमन्त्री सरहको सुविधा उपयोग गरिरहँदा एक दर्जन साना पोखरी र चार थान तारजालीको पर्खाल निर्माणको निरन्तरता बाहेक उनको चुरे संरक्षणमा संरक्षणको हिसावले नीतिगत र उल्लेख गर्न लायक के उपलव्धिहरु हासिल भए, प्रश्न उठेकाछन् । चुरे क्षेत्रमा कुनै नविनतम कार्यक्रम ल्याउन नसकेका उनी विज्ञहरुले बारम्बार सुझाव दिँदा पनि हो हो भन्दै कानमा तेल हालेर बसेका छन् । चुरे संरक्षण क्षेत्र घोषणको विरोध गरिरहेको फेकोफोनसँगको बैचारिक सामिप्यताले कतै उनले यो समितिलाई असफल बनाई फेकोफोनलाइ सघाइ त रहेका छैनन् भन्ने शंका पनि उब्जिएको छ । बुढो गोरुले … भैं । एकातिर चुरे समितिको अध्यक्ष, अर्कोतिर नेपाल वन प्राविधिक संघको अध्यक्षको दोहोरो भूमिकामा रहेर उनले दुवै संस्थालाई अर्कमण्डयताको भुमरीमा फसाएको नेपाल वन प्राविधिक संघका सदस्यहरुनै गर्छन् । नेपाल वन परिषद ल्याउने वन प्राविधिकलाई रोजगारी दिने, सेवाको सुरक्षा र प्राविधिकका अभिभावकको भूमिका निर्वाह गर्ने, दिगो वन व्यवस्थापनका कार्यक्रमलाई गति दिने जस्ता लोकप्रिय नारा दिए अध्यक्ष भएका डा. पौडेल यी मध्ये कुन कुन वाचा पूरा गरे ? वन व्यवस्थापनबाट समृद्धि हासिल गर्ने लक्ष्यका साथ ल्याइएको वन सम्वर्द्धनमा आधारित वन व्यवस्थापनको बारेमा वन प्राविधिकको व्यवसायिक सच्चाइताका बारेमा चुँ सम्म पनि नगरी उनले यहाँ पनि यो कार्यक्रमको विरोधी फेकोफनलाई भित्र भित्रै सघाई रहेका छन् । ओली सरकारले चुरेका पहाड फोरेर ढुंगा गिट्टी भारतलाई बेच्ने निर्णयको वन प्राविधिकहरुले विरोध गरिरहदा उनी भने समितिको अध्यक्षको हैसियतले निर्णयको बचाउ गरिरहे । सुर्खेतमा निर्दोष वन कर्मीहरुमाथि मुद्दा चलिरहँदा मन्त्रालय र मातहतका कार्यलयहरुमा वन कर्मचारीले तालावन्दी भैरहँदा चुरे विकास समितिको अध्यक्षकै हिसावले लिइरहेको राज्यमन्त्रीको सुविधाको अगाडि लाचार भई आन्दोलनको नेतृत्वबाट कुलेलाम ठोके कै हुन् ।

अन्य संघ संगठनको सहयोगको बावजुद पनि नेपाल वन प्राविधिक संघकै निरहताका कारण आन्दोलन अगाडि बढ्न नसकेको ठोकुवा वन प्राविधिक संघकै उच्च पदाधिकारीहरुको छ । चुरे तराइ मधेश संरक्षण विकास समितिका अन्य सदस्यहरुको पनि स्थिति उस्तै छ । विकास समितिमा रहेर कार्यगर्ने निजामती कर्मचारीसँग क्यालकुलेटर दवाएर हिसाब गरेरै अनावश्यक रकम माग्ने आफूलाई खसीको मासु नखुवाई कुखुराको मासु खुवाएको जस्तो समान्य कुरामा प्रतिशोध साध्ने, आफूले भनेको जस्तो नभए झुठा आरोप नै लगाउन पनि पछि नपर्ने जस्ता हर्कतहरुले चुरेमा गएर काम गर्न कर्मचारीहरुका मनोवल गिरेको स्थिति छ । मोरङमा रहेको चुरेका उपसचिव समय अगावै अन्यत्र सरुवा हुनु । अहिलेसम्म त्यहा उपसिचवलाई सरुवा नगरी प्रलोभनकै कारण अधिकृत स्तरमै कर्मचारीलाइ जिम्वेवारी दिइरहनु जस्ता वेथितिका थप प्रमाणहरु नभए के हुन सक्छन् । अझ समितिका सदस्य सचिवका रुपमा वन तथा वातावरण मन्त्रालयको सहसचिवको फेरवदल रोचक नै छ । सकभर बरिष्ठ सहसचिवहरु मध्येबाट पेलेर पठाइने भनि बुझिएको समितीमा मन खिन्न पारेर सचिव स्तरको सुविधा खादै पदस्थापन हुने गरेका छन् । हालका सदस्य सचिव डा. सिन्धु ढुंगाना पनि आफनो कार्यकालभर नीतिगत र संरक्षणका कार्यक्रमका क्षेत्रमा खासै कुनै योगदान नगरी अन्य सदस्य सचिवहरु जस्तै गरी दैनिक हाजिर गरेर सदस्य सचिवको रुपमा नाम लेखाएर केही दिनमा नै वन तथा भू संरक्षण विभागमा रिक्त हुन गइरहेको महानिर्देशकको पदमा सरुवा हुनको लागि दौडधुप गरिरहेका छन् । चुरेमा हाजिर गरेरै मात्रै फर्किन लागेका डा. ढुगानाले उल्लेखनीय कार्य नगरेपनि नकारात्मक रुपमै दीर्घकालीन असर पर्ने गरी कुनै पनि कार्य गरेनन् र गर्न दिएनन् । यसलाई सकारात्मक रुपमै लिनुपर्ने अर्काथरी को तर्क छ । आर्थिक लेनदेनमा कतै नमुछिएका वन प्रशासकको रुपमो उनले आ्नो छविलाई अहिलेसम्म बचाइ राखेका छन् ।

त्यसैगरी वृक्षारोपण गरेको क्षेत्रको अनुगामनमा जाँदा रोपेका विरुवाहरु नदेखिनु, बर्षेनी एकै स्थानमा त्यही कार्यक्रम दोहोर्याएरै गरिहनु चुरे समितिका नियतीहरु हुन् । संरक्षण पोखरी निर्माण गर्दा पनि स्थानीय समुदायसँग सर सल्लाह नभइ कार्य गरेको भनि जन गुनासो मात्रै हैन कहिले काही अख्तियारमा समेत गुहारेको सुनिन्छ । कार्यक्रम भएका ठाउँहरुमा पनि संसाद र प्रभावशाली पात्रहरुको मिलि भगतमा फलानो स्थानको फलानोको घर पछाडिको पहिरोलाई यति रकम विनियोजित गरेको समेत सुन्न पाइन्छ । चुरे समितिको अधिकांश बजेट चुरे क्षेत्रमा भन्दा भावर र तराई मधेशमा खर्च भएका छन्, जसले गर्दा बजेट सँगसगै चुरेको माटो पनि तराईले पाइरहेको छ भने पानी भने वाफ बनेर बिलाएको छ । अन्त्यमा संरक्षणका लागि गठन भएका समितिको प्रभावकारिता र सुशासन माथि नै प्रश्न उठरिहेको समयमा जनताबाट उठाइएको राजस्व रकम गन्तव्य विहीन र प्रतिफल विहीन लगानीका रुपमा कहिलेसम्म बालुवामा पानी सरह खनाइरहने ? यसरी नै कहिलेसम्म चलिरहने हो ? यही गतिले चुरे संरक्षण होला त ? नतिजाहरु देखिएकै हुन त ? चुरे संरक्षण भनेर बोल्नेमात्र नभई गरेरै देखाउने विषय चुरे संरक्षणका लागि "चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरु योजना २०७४ का प्रावधानहरुलाई आत्मसाथ गर्दै नवीनतम अवधारणासहित एकीकृत वन संरक्षण र कृषि प्रणालीमालाई प्रभावकारी रुपमा कायान्यवन गरेमा चुरेको उन्नत भविश्य सुनिश्चित हुन सक्ला । अन्यथा ढुंगागिट्टी बालुवाको विवाद, तराइ, मधेशका चापाकलहरुमा पानीको सतह घटेका समस्या र वर्खामा बाढीका कारण हुने धनजनको फड्को किनाराको साची बस्नु बाहेक अर्को, विकल्प नहुने जानकारहरु बताउँछन् । चुरे दिवसका दिन चुरे संरक्षणका कार्यक्रमहरु गर्दैगर्दा र गरिएका कार्यक्रमहरुले नै कुरीकुरी नगरुन : चुरे दिवसको ढिलै भएपनि शुभकामना छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । |




पौराणिक कथा — कमल रिजाल

# राजा बलिको चातुर्य



**संसारमा सबै शक्ति र सम्पत्तिको पूजारी हुन्छन् । शक्ति र सम्पत्ति छउन्जेल सबैले हाइहाई गर्छन्, सकिएपछि कसैले पनि वास्ता गर्दैनन् । यसमा उनी मात्र अपवादमा पर्ने कुरै थिएन । जब सम्पत्ति सकियो तब बिस्तारै अरूले वास्ता गर्न छाड्दै गए । हुँदा हुँदा यस्तो दिन पनि आयो, परिवारकै सदस्यले समेत वास्ता गर्न छाडे । त्यसपछि उनी बेवारिसे बने । जहाँ पुग्यो त्यहीँ बस्थे, जे मिल्थ्यो त्यही खान्थे । यसरी भौंतारिने क्रममा एक दिन उनको एउटी नगरबधुसित भेट भयो । नगरबधुसँग भेट हुनु के थियो, उनी उनकै दास बन्न पुगे ।**

राजा बलिको नाम भाइबहिनीहरूले पनि सुनेको हुनुपर्छ । उनी अष्ट चिरञ्जीवीमध्येमा पनि पर्छन् । चिरञ्जीवी भन्नाले कल्पान्त जीवी भनेर बुझिन्छ, जसमा ४ अर्ब ३२ करोड वर्ष पर्छ । एक पटक उनी सत्कर्मको बलले स्वर्गको समेत राजा हुन पुगेका थिए । यहाँ उनै राजा बलि पूर्व जन्ममा को थिए र अर्को जन्ममा कसरी राजा बलि बनेर चिरञ्जीवमा गनिन पुगे भन्ने सम्बन्धी कथा प्रस्तुत गरिएको छ ।

राजा बलि पूर्व जन्ममा नामूद जुवाडे थिए । जुवाबाटै उनको सर्वस्व गुमेको थियो । प्राय: सबै जुवाडेको उद्देश्य अर्काको सम्पत्ति हत्याउने भन्ने नै हुन्छ । उनी पनि यही चाहन्थे । तर, सधैँ चाहेजस्तै हुन्छ भन्ने भने हुँदैन । जसले जुन उद्देश्यले खेले पनि जुवा भनेको आखिर जुवा नै हो । खेल्न त सबैले जित्छु भनेर नै खेलेका हुन्छन् तर सधैँ जितिन्न । अनि जसले हार्छ, उसले यही हारेको सम्पत्ति फर्काउँछु भनेर थप बाजी लगाउँदै जान्छ र कति बेला सर्वस्व सकिन्छ पत्तै हुँदैन । ती जुवाडेलाई पनि त्यस्तै भएको थियो । जुवामा सम्पत्ति सकिनु के थियो, उनको भाउ पनि सकियो । संसारमा सबै शक्ति र सम्पत्तिको पूजारी हुन्छन् । शक्ति र सम्पत्ति छउन्जेल सबैले हाइहाई गर्छन्, सकिएपछि कसैले पनि वास्ता गर्दैनन् । यसमा उनी मात्र अपवादमा पर्ने कुरै थिएन । जब सम्पत्ति सकियो तब बिस्तारै अरूले वास्ता गर्न छाड्दै गए । हुँदा हुँदा यस्तो दिन पनि आयो, परिवारकै सदस्यले समेत वास्ता गर्न छाडे । त्यसपछि उनी बेवारिसे बने । जहाँ पुग्यो त्यहीँ बस्थे, जे मिल्थ्यो त्यही खान्थे । यसरी भौंतारिने क्रममा एक दिन उनको एउटी नगरबधुसित भेट भयो । नगरबधुसँग भेट हुनु के थियो, उनी उनकै दास बन्न पुगे ।

उनी नगरबधुलाई माया गर्थे । नगरबधु पनि उनलाई माया गरेको देखाउने त गर्थिन् तर उनको माया भने देखावटी थियो । नगरबधुको माया भने उनीसित नभई उनको जवानीसित थियो । उनी मायाको नाटक गर्थिन् । जुवाडे त्यसैलाई सत्य ठानी पछि लाग्ने गर्थे । एकदिन उनी कतै जाँदै थिए, बाटामा एउटा सुन्दर माला देखे । माला देख्नासाथ उनलाई उनै नगरबधुको याद आयो । र, किनेर उनकै घरतिर लागे तर भइदियो के भने उनको घर नपुग्दै नराम्रोसित दुर्घटना परी मरणासन्न अवस्थामा पुगे । त्यस्तो अवस्थामा पनि उनको ध्यान भने नगरबधुमा नै थियो । उनी चाहन्थे, जसरी भए पनि माला नगरबधुसमक्ष पुऱ्याउनै पर्छ तर गर्ने के ? आफैँ हिँड्न सक्दैनथे, अरूहरू कसलाई भन्ने ? भने पनि सुन्ने को ? त्यत्तिकैमा नजिकै कुनै एउटा शिवलिङ्ग देखिएकाले माला त्यहीँ समर्पित गरी प्राण त्याग गरे । त्यसपछि उनी यमदूतका साथमा तत्कालै यमलोक पुगे । उनलाई देखेपछि यमराजले सोधे-

'मनुवा ! तिमीसँग पाप धेरै र पुन्य थोरै रहेछ । भन पहिले कुन भोग्छौ ?'

यमराजको कुरा सुनेर उनी सोच्न लागे- 'हो, यमराजले ठीकै भनेका छन् । मैले जीवनमा पाप धेरै गरेको छु । साँच्चै भन्नुपर्दा पाप मात्रै गरेको छु । त्यतातिर लाग्ने हो भने थाहा छैन कति कति युग बित्ने हो । त्यसैले पहिले पुन्य नै भोग्छु भन्नुपर्छ होला ।'

उनलाई सोचमग्न देखेर यमराजले भने- 'के सोच्दै छौ मनुवा ! भन पाप र पुन्यमध्ये पहिले कुन भोग्न चाहन्छौ ? तर भोग्न भने दुवै पर्छ । आफूले गरेको कर्मको फल नभोगी देव, दानव र मानव कसैले पनि छुट पाउँदैनन् ।'

त्यसपछि उनले दुई हात जोर्दै भने- 'भगवान् ! ठीकै छ, त्यसो हो भने त्यही सही । भरेको कुरा भरे नै होला, अहिलेलाई पुन्य नै भोग गर्ने अवसर मिलाइदिनु होला ।'

त्यसपछि उनलाई यमराजले केही समयका लागि स्वर्गको राजा बनाइदिए । जब स्वर्गको राजा बने, तब त्यहाँका श्रीसम्पत्ति एक एक गरी गरिब, दीन, दु:खी र असहायको नाममा लुटाउन थाले । फलत: चाँडै नै उनले यति बढी पुन्य कमाए कि त्यसैको प्रभावले स्वर्गबाट फर्कनै नपर्ने अवस्थामा पुगे । अब पहिलेका राजा इन्द्रलाई आपत पऱ्यो । केही समयको लागि भनेर दिएको सदाका लागि उनकै हुने भो । त्यसैले उनी भगवान् विष्णुसमक्ष हारगुहार गर्न पुगे तर विष्णुले पनि के गरुन् । बलिले त्यो राज्य सत्कर्मको प्रभावले पाएका थिए । यस्तो अवस्थामा सिधै खोसेर लिने तागत उनीसँग पनि थिएन । त्यसैले, त्यसलाई फिर्ता गर्न उनलाई वामन बटुक बनेर राजा बलिसमक्ष भिक्षा माग्न जानुपरेको थियो । आफ्नो एकै वचनमा सर्वस्व दान गरेकाले वामन भगवान्ले खुसी भएर उनलाई कल्पान्त जीवी बन्ने आशीर्वाद मात्र दिएनन्, सुतलमा गएर आरामसँग बस्ने प्रबन्धसमेत मिलाइदिए । यस पौराणिक कथामा के कति सत्यता छ, त्यो त व्यासजी नै जानून् तर गरिब, दीन, दु:खी अशक्त, असहाय र विरामीको हितमा दिएको दानको पुन्य बढी हुन्छ भन्ने कुरा भने सत्य हो । 'परोपकार पुन्याय' अर्थात् परोपकारभन्दा ठूलो पुन्य अर्को छैन भन्ने त नीतिमै उल्लेख छ ।

*-रातोपाटी डटकम*

विचार — धनराज गिरी

# कालजयी र अनिकालजयी

**हेर्नुहोस्, जसरी माटोको प्रकार हुन्छ, अब्बल, दोयम, सिम, चाहार, त्यसै गरी व्यक्तिको टाउको भित्रको गिदीको पनि स्तर हुन्छ । वेद व्यास र वाल्मीकि, कालिदास आदि स्तरका दिमागका मालिकहरू एक युगमा एक दुई थान मात्र धरतीमा अवतरण गर्ने हुन् । बुद्ध कति जन्मिए ? नारायण गोपाल फेरि अर्को जन्मिने कुरा असम्भव । अब साहित्यको क्षेत्रमा पनि त्यस्तै हो । यसलाई यसरी भन्नुपर्दछ, साहित्यकार, साहित्यप्रमी र साहित्यसेवी गरेर तीन वर्गमा विभाजन गर्न सकिन्छ । १०० जनाले कलम समाए ९५ जना साहित्यप्रेमी र साहित्यसेवी हुने हुन् । पाठकहरू पनि यसै वर्गमा पर्दछन् ।**

धेरै वर्षअघिको कुरा हो, मेरा साहित्यिक गुरु, प्राथमिक विद्यालयका, छन्द कवि गोविन्दराज विनोदज्यूसित मैले साहित्यको बारेमा आफ्नो धारणा यसरी राखेको थिएँ, "गुरुदेव, जसरी यो देशमा हरेक क्षेत्रमा अयोग्यहरूको भीड छ, त्यसै गरी साहित्यको क्षेत्रमा बग्रेल्ती असाहित्यिक पात्रहरू हाबी भएको पाइयो । रहर त छ, तर थुपारेर शब्दहरू साहित्य नै हुन्न, यति कुरा बुझे पछि म त कलम छुन्न !" यस्तो शेर सुनाएँ ।

अजात शत्रु बनेका सरलता र सज्जनताका सगरमाथा, ज्ञानोष्मा नास्ति भोले बाबा, गीता कण्ठ गरेर प्रकट हुनुभयो, "धनराजजी, साहित्य, त अलि बेग्लै कुरो हो । यो विशिष्ट सिर्जना हो । कलात्मक अभिव्यक्ति हो । नयाँ दुलही सिँगारे जसरी अनेक गहनाले सिँगार्नु पर्दछ । दुलहीको मात्र कुरा गर्दा उग्र नारीवादी देवीहरूले लाठी चार्ज गर्ने सम्भावना हुन्छ । अचेल जता पनि जोखिम छ । समाज विभाजित छ । हेर्नुहोस्, जसरी माटोको प्रकार हुन्छ, अब्बल, दोयम, सिम, चाहार, त्यसै गरी व्यक्तिको टाउको भित्रको गिदीको पनि स्तर हुन्छ । वेद व्यास र वाल्मीकि, कालिदास आदि स्तरका दिमागका मालिकहरू एक युगमा एक दुई थान मात्र धरतीमा अवतरण गर्ने हुन् । बुद्ध कति जन्मिए ? नारायण गोपाल फेरि अर्को जन्मिने कुरा असम्भव । अब साहित्यको क्षेत्रमा पनि त्यस्तै हो । यसलाई यसरी भन्नुपर्दछ, साहित्यकार, साहित्यप्रमी र साहित्यसेवी गरेर तीन वर्गमा विभाजन गर्न सकिन्छ । १०० जनाले कलम समाए ९५ जना साहित्यप्रेमी र साहित्यसेवी हुने हुन् । पाठकहरू पनि यसै वर्गमा पर्दछन् । प्रकाशक र साहित्यिक पुरस्कार स्थापना गर्नेहरू पनि प्रेमी र सेवी हुन् । साहित्यकार सूर्य हो, जून हो, सगरमाथा हो, चौतारीको वर, पीपल र समी हुन् । तुलसी हुन् । हीरा हुन् । १०० वर्षको काल खण्ड मा ५ जना साहित्यकार जन्मिए देशलाई पुग्छ । मलाई यस्तै लाग्छ । मेरो मान्यता सत्य नहुन पनि सक्छ । हजुरलाई कस्तो लाग्छ ?"

"सही हो, गुरुदेव ! विशिष्ट प्रतिभा भनेको विशिष्ट नै हो । कालजयी सिर्जना गर्ने ५% जतिले हो, त्यो पनि अधिकतम । बाँकी सबै 'अनिकालजयी' हुन् । मेरा गजलहरू र व्यक्तिवादी सिर्जनाहरू जस्तै । लाग्छ, मेरो अनुमान, आजसम्म ३०० भन्दा बढी गजल लेखियो होला, मेरा कालजयी गजलहरू जम्मा दुई, मैले पनि तत्काल रमाइलो गर्ने उद्देश्यले मात्र सिर्जना गरेछु । देवकोटाको 'यात्री' कविताजस्तो सिर्जना भए पो कालजयी हुने ! आज आएर लज्जित छु गुरुदेव । म यो जुनीमा विदूषक त बन्छु, तर साहित्यकार बन्न सक्दिन । अब रहर पनि छैन । उही एउटा अंग्रेजी भनाइ, दाजु गोविन्दराज भट्टराईले दिनुभएको एउटा किताबमा पढेको, बिस वर्ष अघि, लगभग, भनाइ : After having written for fifteen years, I came to know that I do not have talent in writing, But I can't stop it because I was too famous.

अब यति नाम कमाइयो कि, सबैको लागि त होइन, केही हो लागि 'मानक' भइएछ । म त 'मानक सर्जक' हुँ । हानिहाल्ने । आजसम्म झोक र आक्रोश मात्र लेखिएछ । तनावमा लेखिने कुराहरूमा 'सत्यम्, शिवम्, सुन्दरम्' हुन्नन् । मानवता नभएको सिर्जना साहित्य हुन्न । गुरुदेव, अरूले उकासेर साहित्यकार बनिन्न । तपस्या रहेछ यो कुरा । जरुवा जल रहेछ सिर्जना । हिम नदी झैँ सललल बगिरहनुपर्ने । अब नलेखीकन बस्न सक्ने कुरा पनि आएन । लत त लाग्यो तर गलत नहुने गरी । यसरी हामी गुरु चेलाको बिचमा संवाद भएको थियो । यसै प्रसङ्गमा मानक स्रष्टाहरूसित पनि विचार विमर्श गरियो । शोध गर्दै गएमा अनेक कुराहरू थाहा हुन्छन् । हिज्जेको ज्ञान नै महाभारत रहेछ । मुहार पुस्तकमा तथाकथित विद्वानहरूको ल्याकत देख्दा रुन मन लाग्छ ।

अनि आफैँलाई छाम्दा के थाहा भयो भने 'टपरटुइयाँ पनि हुन्छन् मूर्खमध्ये प्रतिष्ठित' पो रहेछु । अझ अर्को विडम्बना, यतिखेर मानक नेपाली भाषा र सरकारी नेपाली भाषामा कुन कुन चाहिँ सिक्ने हो, अन्योल नै अन्योल । हरेक कुरामा स्थायित्व छैन । भोलि कता जना मुकुन्द शरण उपाध्यायहरू जन्मिने हुन् । थाहा छैन । झर्रो नेपाली भाषा कुनै दिन हर्रो, बर्रो, टर्रो पो हुने हो कि ? म अल्प ज्ञानी पनि निरर्थक कर्म गरिरहेको छु । किन चिन्ता लाग्छ मलाई ? किन चिन्तन गर्न मन लाग्छ ? थाहा छैन । आफ्नो भाषा भनेपछि हुरुक्क हुने बाबा कमलमणि दीक्षित ज्यू र आदरणीय पिता श्री रमेश खकुरेलको न्यानो स्नेह पाइयो । उहाँहरूको संगतले मलाई पनि नेपाली भाषालाई माया गर्ने बनायो । होस गरेर सिक्न चाहेमा सकिन्छ, अभ्यासले बानी पार्छ । अनिकालजयी लेख्दालेख्दै कालजयी लेख्न सकिन्छ । यथार्थमा, आज स्वनामधन्य बनेका मानक सर्जकहरूले पनि कुनै दिन 'लटरपटर' लेखेरै यात्रा आरम्भ गरेका हुन् । प्रतिभा, व्युत्पन्न, अभ्यास, हौसला, रुचि, अवसर सबै कुराहरूले साथ दिएमा आजको सिकारु भोलि अब्बल सर्जक बन्न सक्छ, बनेको छ । विभाजित समाजमा जसको जसको पनि आलोचना हुन्छ ।

तारिफ पनि अति गर्ने र आलोचना पनि धज्जी उडाएरै गर्ने चलन छ । दुनियाँले जे भने पनि आफ्नो यात्रा जारी राख्नुपर्छ । एउटा सच्चा सर्जक कहिल्यै पनि पुरस्कार र सम्मानको पछि कुद्न हुन्न । योग्यलाई पुरस्कारले आफैँ खोजी खोजी आउनेछ । 'अहिले नेपालमा साहित्यकारभन्दा पुरस्कार र सम्मान बढी भएझैँ लाग्दछ !' हाम्री जेठी सुपुत्री अनिता गिरीको भनाइ । त्यस्तै देखिन्छ । साहित्य कालजयी वा अनिकालजयी के बनाउने, तपस्या र क्षमतामा भर पर्दछ ।"

*-साहित्य पोष्ट डटकम*


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०३/०६**

यस मोहन कन्या मा.वि. तानसेन-४, पाल्पा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०३/०६ गतेको बैठक एवम् शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८०/०३/०६ को च.नं. २०२० र २०२१, प.सं.०७९/०८० को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह (कक्षा ११-१२) लेखा विषय र मा.वि. विज्ञान विषयको सट्टा शिक्षक करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञान नं. :** ००१/०८०/०८१, **पद :** शिक्षक
**तह :** मा.वि. (कक्षा ११-१२) करार, **विषय :** लेखा, **पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण भएको
**दरखास्त दस्तुर :** रु.१५००/-

**विज्ञान नं. :** ००२/०८०/०८१, **पद :** सट्टा शिक्षक,
**तह :** मा.वि., **विषय :** विज्ञान, **पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएको
**दरखास्त दस्तुर :** रु.१०००/-

**तलब स्केल :** सरकारी नियम अनुसार
**दरखास्त दिने अन्तिम मिति :** २०८०/०३/२० गते
**सम्पर्क मिति :** २०८०/०३/२१ गते कार्यालय समय भित्र ।
**परीक्षाको मिति :** सम्पर्क मितिको दिन तोकिने छ ।
**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता
**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता र निरोगिताको प्रमाणपत्र प्रतिलिपि २/२ प्रति साथै व्यक्तिगत विवरण ।
***पुनश्च: करार योग्यता क्रममा रहेका उम्मेद्वारको दरखास्त आएमा अन्यको दरखास्त फिर्ता गरिने छ ।***
**सम्पर्क नं. :** ९८४७०४३९३६, ०७५-५२००९२

**श्री मोहन कन्या माध्यमिक विद्यालय**
**तानसेन-४, पाल्पा**

# ब्रहमाकुमारी ईश्वरी विश्वविद्यालयमा योग दिवस



**पाल्पा,** असार ६/ब्रहमाकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रीय कार्यालय तानसेनमा विश्व योग दिवस मनाइएको छ । बुधबार विद्यालयले योग र आध्यात्मिक प्रवचन गरी दिवस मनाएको हो ।

कार्यक्रममा योग, ध्यान र आध्यात्मिकताको बारेमा जानकारी गराइएको थियो । प्रमुख अतिथि भारतबाट आएकी रोधराधे समितिकी प्रवचनकर्ता निकेन्जेश्वरी देवीले योग र आध्यात्मिकताका बारेमा प्रवचन दिएकी थिइन् । उनले शारीरिक र मानसिक रुपमा स्वस्थ रहन योग, ध्यान आवश्यक रहेको बताइन् । निकेन्जश्वरीले भनिन् 'पछिल्लो समय मानिसको दिनचर्या अत्यन्त व्यस्त रहँदै गएको छ । यस्तो अवस्थामा मनलाई शान्त, एकाग्रह र स्वच्छ राख्न योग गर्न जरुरी छ ।' ईश्वरले मानिसलाई सुन्दर शरीर दिएको भन्दै उनले त्यसको सही व्यवस्थापन गर्न योग अपरिहार्य रहने बताइन् । परमात्माको शक्ति, एवं बरदानको प्राप्ति, जीवनमा कर्मको रहस्य, शान्ती एवं शुखको अनूभूती, सम्बन्धमा समधुरता, तनाव एवं क्रोधमुक्त जीवन, मनलाई शान्त राख्ने, जीवन व्यवस्थापन, तनावमुक्त जीवन लगायतका विषयमा निकेन्जश्वरीले आफ्ना धारणा राखेकी थिइन् । विद्यालयकी निर्देशक ब्रहमाकुमारी प्रेमा शाहाले योगको माध्यमबाट जीवनलाई सुखी र सार्थकता बनाउने दिशामा लाग्न सबैलाई आग्रह गरिन् । कार्यक्रममा नवजनचेतना दैनिकका उपसम्पादक रामचन्द्र रायमाझी, रोधे राधे समितिका प्रतिनिधि डम्वर गैरे, तानसेन नगरपालिकाका सूचना अधिकारी भरत आचार्य, योग प्रशिक्षकहरु सुरेश श्रेष्ठ, रामकुमार क्षेत्री, विद्यालयकी ब्रहमाकुमारी संगीता नेपाल लगायतले स्वास्थ जीवनका लागि योग आवश्यक रहेको औल्याए । सोही अवसरमा योग प्रशिक्षक सुरेश श्रेष्ठले योग अभ्यास गराएका थिए । विद्यालकी निर्देशक ब्रहमाकुमारी प्रेमा शाहाको अध्यक्षता, ब्रहमाकुमार भानु प्रकाश पौडेलको सञ्चालनमा कार्यक्रम भएको थियो । विद्यालयले दैनिक रुपमा योग, ध्यान र आध्यात्मिकताका बारेमा कक्षा लिदै आएको छ ।

# गुल्मीमा कफी, सुन्तला...

...अनुगमन समितिले बाखा जोन कार्यक्रम अन्तर्गत मालिकाको वडा ५ र ८, मदानेको ४ र ७, इस्माको १ र ३ तथा धुर्कोटको ४ र ५ वडामा बाख्राका लागि क्षेत्र विस्तार गर्ने जनाएको छ । त्यसैगरी, मकै जोन कार्यक्रम अन्तर्गत मुसिकोट नगरपालिकाको २, ३ र ४, चन्द्रकोटको ४, छत्रकोटको ३ र ५ एवं गुल्मीदरबारको वडा ३ र ४ लाई मकैको क्षेत्र विस्तारमा राखिएको छ । जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिसमा परियोजना व्यवस्थापन एकाइ खुमलटारमा क्षेत्र विस्तारका लागि सिफारिस गरिएको प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना गुल्मीकी प्रमुख गंगाकुमारी पोखरेलले बताए ।

समितिले गरेको क्षेत्र विस्तारका लागि छनोटका अधारहरूमा सम्बन्धित स्थानीय तहको सिफारिस, प्राविधिक कार्यदलको अध्ययन प्रतिवेदन र परियोजनाबाट अवसर नपाएका व्यक्तिहरूलगायतका मापदण्डहरू बनाइएको जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्रीले जानकारी दिएका छन् । परियोजनाद्वारा विगत वर्षमा जिल्लाको बाह्र स्थानीय तहमध्ये मकै जोनमा १८, बाख्रा जोनमा १०, कफी सुपर जोनमा ४२ र सुन्तला जात फलफूलमा २४ गरी ९४ वटा वडामा उक्त कार्यक्रम सञ्चालन हुँदै आएको थियो । क्षेत्र विस्तारका लागि सिफारिस समितिको बैठकमा जिल्लास्थित स्थानीय तहका प्रमुख तथा प्रतिनिधि एवं सरोकारवाला विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । *-रासस*

## शक्ति मिनरल्स प्रा.लि. प्रस्तावक रही संचालन गर्न लागेको चुनढुङ्गा खानीको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

***(प्रकाशित मिति २०८०/०३/ ०७ गते)***

लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको माथागढी गाउँपालिका वडा नं. ५ (साविक कसेनी गाविस-४) स्थित पुक्टुंग क्षेत्रमा श्री शक्ति मिनरल्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: शक्ति मिनरल्स प्रा.लि.<br>ठेगाना: काठमाडौं महानगरपालिका -११, SG टावर, १५५ पंचायन मार्ग, थापाथली<br>फोन : ०१-४२१९२३३<br>ई-मेल : info@shaktiminerals.com |
| प्रस्तावको व्यहोरा | लुम्बिनी प्रदेश, पाल्पा जिल्लाको माथागढी गाउँपालिका वडा नं. ५ (साविक कसेनी गाविस-४) स्थित पुक्टुंग क्षेत्रमा टोपो सिट नं. ०९९-१० मा पर्ने spot height १,४६६ मि लाई मूल चिन्ह मानिएको, जसको नियामक ४,६४,०८७.५ मि. पूर्व र ३०,७०,३६२.५० मि. उत्तर मा पर्दछ । मूल चिन्हबाट विस्तारित क्षेत्र ६२५.०० मिटर पूर्व, १५२५ मि. पश्चिम, ६२५.०० मि. उत्तर र दक्षिण १,६२५ मि. रहेको छ । जम्मा ६.८३ वर्ग किलोमिटर लिज क्षेत्रमध्य २१.५० हेक्टर क्षेत्रमा भौगर्भिक सर्भे गरी चुनढुंगा खानीको रुपमा पहिचान गरि उत्खनन/ क्वारी कार्य संचालनका लागि ४.६९ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रस्ताव गरिएको छ। प्रस्तावित खानी वर्षमा २४० दिन सम्म संचालन हुने गरि दैनिक ४०० टन का दरले वार्षिक ९६,००० टन चुनढुङ्गा उत्खनन् गरिने छ । |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | पाल्पा जिल्लाको माथागढी गाउँपालिका वडा नं. ५ स्थित पुक्टुंग क्षेत्र वरपर |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : शक्ति मिनरल्स प्रा.लि.<br>ठेगाना : काठमाडौं महानगरपालिका -११, SG टावर, १५५ पंचायन मार्ग, थापाथली<br>फोन : ०१-४२१९२३३<br>ई-मेल : info@shaktiminerals.com |
| परामर्शदाताको नाम र ठेगाना | गिफ कन्सल्टेन्सी प्रा.लि., बालकुमारी ललितपुर<br>फोन : ०१-५१८६३०८<br>इमेल : giefconsultancy147@gmail.com |

## खेलकुद समाचार

# नेपाल कुवेतसँग पराजित



**काठमाडौं,** असार ६/भारतमा सुरु भएको साफ च्याम्पियनसिपको आफ्नो पहिलो खेलमा नेपाल कुवेतसित पराजित भएको छ । आमन्त्रित टिमको रुपमा साफ च्याम्पियनसिपमा पहिलो पटक सहभागी कुवेतसँग नेपाल ३-१ ले पराजित भएको हो ।

बेंलुरुस्थित श्री कान्तिरवा स्टेडियममा भएको खेलमा कुवेतलाई जिताउन मोहम्मद अब्दुल्लाहले एक गोल र एक असिस्ट गरे । खालिद हाजिएह र शबईब अलखल्दीले पनि गोल गरे । नेपालका लागि अन्जन विष्टले एक गोल फर्काए । पहिलो हाफमा नेपालले आफ्नै गल्तीमा गोल खाँदा खेलमा फर्कन कठिन भएको थियो । कुवेतले पहिलो हाफमा नेपालमाथि दबाब राख्दै दुई गोल गऱ्यो । २३ मिनेटमा कप्तान खालिद हाजिएहले हेड मार्फत गोल गर्दै कुवेतलाई अग्रता दिलाए । ३६ मिनेटमा कुवेतले अग्रता दोब्बर पार्ने अवसर गुमायो । कुवेतका फवाज अलोतावीको पासमा मोहम्मद अब्दुल्लाहको हेड प्रहार बारमा लागेर फर्कदा अग्रता बढाउने अवसर गुमायो । अधिकांश समय नेपालको हाफमा बल खेलाएको कुवेतले ४१औं मिनेटमा दोस्रो गोल गऱ्यो । मोहम्मद अब्दुल्लाहको पासमा शबईब अलखल्दीले गोल गर्दै कुवेतलाई २-० को अग्रता दिलाए । यो गोलमा कुवेतले उत्कृष्ट खेल कला देखाएको थियो । अथ्बी सालेशले थ्रो बलमा उपलब्ध गराएको बलमा मोहम्मद अब्दुल्लाहको पासमा अलखल्दीले पेनाल्टी बक्समा विमल पाण्डेलाई छलाउँदै गोल गर्दा कप्तान किरणले रोक्ने कुनै अवसर पाएनन् । दोस्रो हाफमा प्रशिक्षक भिनसेन्जो अल्बर्टो एनेसले नवयुग श्रेष्ठलाई बाहिर निकाल्दै आयुष घलानलाई मैदान उतारे । आयुषको आगमनपछि नेपालको खेल नै परिवर्तन भएको थियो ।

## कर्पोरेट/अर्थ समाचार

# श्रीनगर एग्रीटेक इन्डस्ट्रिजले आईपीओ निष्कासन गर्दै

### नबिल इन्भेष्टमेण्ट बैकिङ्गले परामर्श सेवा प्रदान गर्ने सम्झौता



**पाल्पा,** असार ६/श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडले साधारण सेयर (आईपीओ) निष्कासन गर्ने भएको छ । कम्पनीले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडसँग सम्झौता गर्दै आईपीओ निष्कासन गर्ने प्रक्रिया अघि बढाएको हो ।

श्रीनगर एग्रीटेकलाई आईपीओ निष्कासन गर्न नबिल इन्भेष्टमेन्ट बैंकिङ्गले परामर्श सेवा प्रदान गर्ने गरी यी दुई पक्षबीच एक कार्यक्रमका बिच सम्झौता भएको छ । कार्यक्रममा श्रीनगर एग्रीटेकको तर्फबाट प्रबन्ध निर्देशक सतीश श्रेष्ठ र नबिल इन्भेष्टमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनीष जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । श्रीनगर एग्रीटेकले आईपीओ निष्कासन गर्ने प्रयोजनका लागि कर्पोरेट सल्लाहकार सेवाहरू उपलब्ध गराउन नबिल इन्भेष्टमेन्टसँग सम्झौता गरेको हो । सम्झौता अनुसार नबिल इन्भेष्टमेन्टले श्रीनगर एग्रीटेकलाई आफ्नो विज्ञता र क्षमताका आधारमा आईपीओ जारी गर्ने सम्बन्धमा परामर्श सेवा प्रदान गर्नेछ । यो सम्झौतासँगै नबिल इन्भेष्टमेन्टले श्रीनगर एग्रीटेकलाई आईपीओ जारी गर्न आवश्यक पूर्वतयारीका लागि सघाउनेछ । पूर्वतयारीको काम सकिएपछि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) को स्वीकृतिपछि मात्रै श्रीनगर एग्रीटेकले आईपीओ जारी गर्नेछ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

सूचना ! सूचना !! सूचना !!!

# जग्गा दर्ता सम्बन्धी सूचना

यस पाल्पा जिल्लाको साविक गाविस मस्याम हाल तिनाउ वाड ०६, साविक गाविस कुसुमखोला हाल रिब्दीकोट गा.पा. वडा नं. ०५, साविक गाविस नायरनम्तलेस हाल बगनासकाली गा.पा. वाड ०३, साविक तानसेन ना.पा वाड ११ बर्तुङ्ग २ र ३ मदनपोखरा वाड ८ हाल तानसेन नगरपालिका वाड ०७, साविक गाविस खालीवन हाल रामपुर न.पा वाड ०८, पुन: नाप जाँच सम्पन्न भई जग्गा दर्ताको लागि सात दिने सूचना प्रकाशन गर्ने क्रममा रहेकोले आफ्नो जग्गाको प्रमाण लिएर सात (७) दिने सूचना प्रकाशन भएपछि सम्बन्धित नापी टोलीमा सम्पर्क गर्न हुन सुचित गरिन्छ ।

***विशेष नापी कार्यालय***
***तानसेन, पाल्पा***

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई